# आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको

## अर्धवार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
२०८२ फागुन १२

# विषय सूची


पृष्ठभूमि ....................................................................................................................................... १

विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य........................................................................................... १

आन्तरिक आर्थिक तथा वित्तीय स्थिति....................................................................................... २

मुद्रास्फीति ................................................................................................................................ २

बाह्य क्षेत्र .................................................................................................................................. २

सरकारी वित्त ............................................................................................................................. २

मौद्रिक तथा वित्तीय क्षेत्र............................................................................................................ ३

मौद्रिक नीतिको कार्यान्वयन स्थिति ............................................................................................ ३

आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य......................................................... ४

नीतिगत व्यवस्था ........................................................................................................................ ५

# आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा

## पृष्ठभूमि

१. समष्टिगत आर्थिक स्थायित्व र दिगो आर्थिक विकासका लागि मूल्य र शोधनान्तर स्थिरता एवम् वित्तीय स्थायित्व कायम गर्ने मूलभूत उद्देश्यका साथ आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति २०८२ असार २७ गते र सोको पहिलो त्रैमासिक समीक्षा २०८२ मंसिर १५ गते सार्वजनिक गरिएको थियो। यस अवधिमा मुद्रास्फीति र विदेशी विनिमय सञ्चिति सहज रहेकोले उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धिमार्फत समष्टिगत मागमा सुधार ल्याउने अभिप्रायले मौद्रिक र समष्टिगत विवेकशील नियमन व्यवस्थाहरूमा सहजीकरण गरिएको छ।

२. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षामा आर्थिक वृद्धि ३.५ प्रतिशत हुने प्रक्षेपण छ। मुद्रास्फीति न्यून छ तर बढ्दो विप्रेषण आप्रवाह र निर्वाचनका क्रममा हुने आर्थिक गतिविधि विस्तार लगायतले समष्टिगत माग वृद्धि भई मुद्रास्फीति केही बढ्ने अनुमान छ।

३. वित्तीय क्षेत्रमा न्यून ब्याजदर एवम् उच्च तरलता र पर्याप्त विदेशी विनिमय सञ्चिति रहेकोले लगानी अभिवृद्धिमार्फत दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने दरिलो आधार बनेको छ। समग्रमा वित्तीय स्थायित्व कायम रहेको छ। नेपाल सरकारले हालै स्वीकृत गरेको वित्तीय क्षेत्र विकास रणनीतिको प्रभावकारी कार्यान्वयनबाट वित्तीय क्षेत्रलाई थप सुदृढ, सबल, समावेशी र उत्थानशील बनाउन मार्गप्रशस्त भएको छ।

४. यस पृष्ठभूमिमा मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक र बाह्य आर्थिक तथा वित्तीय स्थिति, नेपाल सरकारको बजेट कार्यान्वयन स्थिति र समष्टिगत आर्थिक परिदृश्यका आधारमा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरिएको छ।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

५. विश्व भूराजनीतिमा नयाँ आयामहरू देखा पर्दै गएका छन्। कतिपय मुलुकहरूबीच कायम भूराजनीतिक टकराव र व्यापार ध्रुवीकरणले उच्च आर्थिक विस्तार चुनौतीपूर्ण हुँदै गए तापनि प्रविधिमा भएको लगानी विस्तारले उत्पादकत्व वृद्धिमा सहयोग पुगेको अन्तर्राष्ट्रिय मुद्रा कोषको विश्लेषण छ। फलस्वरूप, सन् २०२५ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२६ मासमेत सोही दरले विस्तार हुने कोषको प्रक्षेपण छ।[१]

६. सन् २०२५ मा विकसित अर्थतन्त्रको वृद्धिदर १.७ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर ४.४ प्रतिशत रहेको अनुमान छ। सन् २०२६ मा यी अर्थतन्त्रहरू क्रमशः १.८ प्रतिशत र ४.२ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ।

७. सन् २०२५ को तुलनामा सन् २०२६ मा भारत र चीनको आर्थिक वृद्धिदरको गति केही सुस्त हुने कोषको प्रक्षेपण छ। सन् २०२५ मा ७.३ प्रतिशतले वृद्धि भएको भारतीय अर्थतन्त्र सन् २०२६ मा ६.५ प्रतिशतले एवम् सन् २०२५ मा ५.० प्रतिशतले वृद्धि भएको चीनको अर्थतन्त्र सन् २०२६ मा ४.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ।

---

[१] वर्ल्ड इकोनोमिक आउटलुक, जनवरी २०२६, अन्तर्राष्ट्रिय मुद्रा कोष।

८. विश्व मुद्रास्फीतिमा चाप न्यून हुँदै गएकाले अधिकांश केन्द्रीय बैंकहरूले मौद्रिक नीतिको लचिलो कार्यदिशालाई निरन्तरता दिएका छन् । सन् २०२५ मा ४.१ प्रतिशत रहेको विश्व मुद्रास्फीति सन् २०२६ मा ३.८ प्रतिशत र सन् २०२७ मा ३.४ प्रतिशतमा सीमित हुने कोषको प्रक्षेपण छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

९. वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २०८१ पुसमा ५.४१ प्रतिशत रहेकोमा २०८२ पुसमा २.४२ प्रतिशत रहेको छ । मूल्य सूचकाङ्कमा ३५.५ प्रतिशत भाराङ्क रहेको खाद्य तथा पेय पदार्थ समूहको मूल्य ०.०९ प्रतिशतले घटेका कारण मुद्रास्फीति न्यून भएको हो । यस अवधिमा खाद्यान्न, दाल तथा गेडागुडी, तरकारी र मरमसला लगायत अन्नबालीको मूल्य उल्लेख्य घटेको छ । गैर-खाद्य तथा सेवा समूहको विन्दुगत मुद्रास्फीति भने ३.८१ प्रतिशत रहेको छ ।

१०. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्क र तलब तथा ज्याला सूचकाङ्क बढेकाले आगामी दिनमा मुद्रास्फीतिमा केही चाप पर्ने देखिएको छ । वार्षिक विन्दुगत थोक मुद्रास्फीति २०८१ पुसमा ४.०१ प्रतिशत रहेकोमा २०८२ पुसमा ५.१७ प्रतिशत रहेको छ । त्यसैगरी, २०८१ पुसमा तलब तथा ज्याला सूचकाङ्क २.८५ प्रतिशतले बढेकोमा २०८२ पुसमा ६.०३ प्रतिशतले बढेको छ ।

### बाह्य क्षेत्र

११. आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा कुल वस्तु निर्यात ४३.८ प्रतिशतले वृद्धि भई रु.१४२ अर्ब २ करोड पुगेको छ भने वस्तु आयात १४.२ प्रतिशतले वृद्धि भई रु.९३९ अर्ब २ करोड पुगेको छ । समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १०.१ प्रतिशतले वृद्धि भई रु.७९७ अर्ब पुगेको छ ।

१२. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भई रु.१०६२ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.२ प्रतिशतले वृद्धि भएको थियो ।

१३. समीक्षा अवधिमा चालु खाता रु.४२९ अर्ब ९१ करोड र शोधनान्तर रु.५०१ अर्ब २४ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.१६५ अर्ब ६७ करोड र शोधनान्तर रु.२४९ अर्ब २६ करोडले बचतमा रहेको थियो ।

### सरकारी वित्त

१४. आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमाससम्ममा संघीय सरकारको कुल खर्च ३.४ प्रतिशतले र राजस्व परिचालन ३.२ प्रतिशतले बढेको छ ।[२] यस अवधिमा नेपाल सरकारको कुल खर्च रु.६९० अर्ब २२ करोडमध्ये चालु खर्च रु.४८७ अर्ब १४ करोड, पुँजीगत खर्च रु.४९ अर्ब ४३ करोड र वित्तीय व्यवस्था खर्च रु.१५३ अर्ब ६५ करोड रहेको छ ।

१५. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.५७७ अर्ब ४० करोड रहेको छ । आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमासमा नेपाल सरकारले रु.१७७ अर्ब ८७ करोड आन्तरिक ऋण र रु.३४ अर्ब ३७ करोड बाह्य ऋण गरी कुल रु.२१२ अर्ब २४ करोड सार्वजनिक ऋण परिचालन गरेको छ ।

[२] नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय ।

### मौद्रिक तथा वित्तीय क्षेत्र

१६. विस्तृत मुद्राप्रदाय वार्षिक विन्दुगत आधारमा २०८१ पुसमा १०.२ प्रतिशले वृद्धि भएकोमा २०८२ पुसमा १४.२ प्रतिशतले वृद्धि भएको छ । विप्रेषण आप्रवाहको उच्च वृद्धिका कारण खुद वैदेशिक सम्पत्ति बढ्दा विस्तृत मुद्राप्रदाय विस्तार भएको हो ।

१७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशत (रु.१९७ अर्ब ४७ करोड) ले वृद्धि भई रु.५६९५ अर्ब १७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाह ५.२ प्रतिशत (रु.२६५ अर्ब ५६ करोड) ले बढेको थियो । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ५.७ प्रतिशत (रु.४१७ अर्ब ४८ करोड) ले वृद्धि भई रु.७६८१ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ३.७ प्रतिशत (रु.२३९ अर्ब ६ करोड) ले बढेको थियो ।

१८. आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमाससम्ममा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.१,४२५ अर्ब ५० करोड, स्थायी निक्षेप सुविधामार्फत रु.२७,०८६ अर्ब ९० करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.२०० अर्ब गरी कुल रु.२८,७१२ अर्ब ४० करोड (कारोबारमा आधारित) तरलता प्रशोचन र ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाह गरी खुद रु.२८,६९९ अर्ब ९० करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणमार्फत पटक-पटक गरी खुद रु.१३,९९९ अर्ब ८० करोड तरलता प्रशोचन गरिएको थियो ।

१९. समीक्षा अवधिमा यस बैंकबाट अमेरिकी डलर खरिदमार्फत रु.४९३ अर्ब ४ करोड तरलता खुद प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर खरिदमार्फत रु.३४० अर्ब ६ करोड तरलता खुद प्रवाह भएको थियो ।

२०. बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात २०८२ असारमा औसत ४.६२ प्रतिशत रहेकोमा २०८२ पुसमा औसत ५.४२ प्रतिशत पुगेको छ। यसमध्ये वाणिज्य बैंकको औसत निष्क्रिय कर्जा अनुपात ५.२६ प्रतिशत, विकास बैंकको ५.७५ प्रतिशत र वित्त कम्पनीको ११.८५ प्रतिशत रहेको छ ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

२१. आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.० प्रतिशतको हाराहारीमा सीमित गर्ने लक्ष्य रहेकोमा पहिलो छ महिनामा औसत १.७० प्रतिशत कायम रहेको छ ।

२२. कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८२ पुसमा कायम विदेशी विनिमय सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

२३. ब्याजदर करिडोरको माथिल्लो र तल्लो सीमाबीचको दूरी क्रमशः घटाउँदै लैजाने र नीतिगत दरलाई करिडोरको बीच भागमा कायम गर्ने (Symmetric बनाउने) यस बैंकको नीति रहेको छ । मुद्रास्फीति र विदेशी विनिमय सञ्चिति सहज रहेकोले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत बैंकदरलाई घटाई ५.७५ प्रतिशत र नीतिगत दरलाई घटाई ४.२५ प्रतिशत कायम गर्दै स्थायी निक्षेप सुविधा दरलाई यथावत् राखिएको छ ।

२४. ब्याजदर करिडोरलाई प्रभावकारी बनाउँदै मौद्रिक प्रसार सुदृढ गर्ने उद्देश्यले बैंकिङ प्रणालीमा रहेको संरचनागत प्रकृतिको तरलता प्रशोचन गर्न २०८२ पुसमा पटक पटक गरी रु.२०० अर्बको एक वर्ष अवधिको “नेपाल राष्ट्र बैंक ऋणपत्र” जारी गरिएको छ ।

२५. आर्थिक वर्ष २०८२/८३ मा विस्तृत मुद्राप्रदाय १३.० प्रतिशत र मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२.० प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ३.८ प्रतिशतले वृद्धि भएको छ ।

२६. वित्तीय स्थायित्व कायम गर्दै आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने उद्देश्यले मौद्रिक नीति र सोको पहिलो त्रैमासिक समीक्षामार्फत अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू क्रमशः कार्यान्वयनमा ल्याइएको छ । बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने व्यक्तिगत अधिविकर्ष कर्जाको सीमा वृद्धि गरी रु.१ करोड कायम गरिएको छ ।

२७. लघुवित्त वित्तीय संस्थाले धितोमा प्रवाह गर्ने कर्जाको सीमा वृद्धि गरी रु.१५ लाख कायम गरिएको छ । त्यस्ता संस्थाले ऋणीको आवश्यकता र औचित्यका आधारमा कर्जा भुक्तानी तालिका परिमार्जन गर्न सक्ने व्यवस्था गरिएको छ ।

२८. समीक्षा अवधिमा ट्रष्ट रिसिट (आयात) कर्जाको जोखिम भार घटाइएको छ । कर्जा वर्गीकरण व्यवस्थालाई थप सहजीकरण गरिएको छ । Framework for Dealing with Domestic Systemically Important Banks जारी गरिएको छ ।

२९. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ संशोधनमार्फत सूचना प्रविधि उद्योगले २० हजार अमेरिकी डलर वा सो बराबरसम्मको रकम विदेशमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ । यसका साथै विदेशी ऋण भित्र्याउने एवम् विदेशी लगानीबाट आर्जित रकम फिर्ता लैजाने प्रक्रियासमेत सहजीकरण गरिएको छ ।

३०. नगद कारोबारको सीमा पुनरावलोकन गरी रु.५ लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा एकाउन्टपेयी चेक वा सम्बन्धित व्यक्तिको खातामार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

३१. चालु आर्थिक वर्ष मौसम प्रतिकूलताको कारण धानको उत्पादन ४.२ प्रतिशतले घट्ने अनुमान रहे तापनि अन्य उपजहरूको उत्पादन बढेकाले कृषि क्षेत्रको उत्पादन समग्रमा सकारात्मक रहने अनुमान छ । उद्योग क्षेत्रतर्फ, चालु आर्थिक वर्षको दोस्रो त्रयमाससम्ममा थप ३८९ मेगावाट जलविद्युत् उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । नागढुङ्गा-नौबिसे सुरुङ मार्ग चालु आर्थिक वर्षभित्रै सञ्चालनमा ल्याउने गरी तयारी कार्य अघि बढेको छ । निर्माणाधीन राजमार्गहरूको निर्माण कार्यले गति लिन थालेको छ । त्यसैगरी, सेवा क्षेत्र क्रमशः सुधार हुँदै गएको छ । विदेशी पर्यटक आगमन संख्या सन् २०२५ मा ११ लाख ५८ हजार पुगेको छ । आयात र निर्यात व्यापारमा वृद्धि भएको छ । यस अवधिमा विप्रेषण आप्रवाह उल्लेख्य बढेकोले त्यस्ता घरपरिवारको खर्च र लगानीयोग्य आय बढ्नुका साथै आन्तरिक पर्यटन विस्तारमा समेत योगदान पुगेको अनुमान छ ।

३२. उपभोक्ता मुद्रास्फीति न्यून रहेको छ । विश्व बजारमा कच्चा पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य घट्दै गएको तथा छिमेकी मुलुकहरूमा समेत मुद्रास्फीति न्यून रहेकोले चालु आर्थिक वर्ष औसत उपभोक्ता मुद्रास्फीति लक्षित सीमाभन्दा केही कम हुने प्रक्षेपण छ । यद्यपि, कतिपय मुलुकहरू बीचको भूराजनीतिक तनाव र व्यापार महसुलमा भएको उतार-चढावले मूल्यमा चाप पर्ने जोखिम कायमै छ ।

३३. वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या क्रमिक रूपमा बढ्दै गएको छ । आयातको तुलनामा विप्रेषण आप्रवाहको विद्यमान प्रवृत्ति कायम रहेमा चालु आर्थिक वर्षको बाँकी अवधिमा समेत विदेशी विनिमय सञ्चिति उल्लेख्य रहने अनुमान छ ।

३४. वित्तीय प्रणालीमा न्यून लागतमा उपलब्ध प्रचुर वित्तीय साधन उपयोग गरी उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि गर्ने अवसर सिर्जना भएको छ।

३५. मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चितिको पछिल्लो अवस्था र वित्तीय क्षेत्रलगायत अर्थतन्त्रको उपर्युक्त परिदृश्यको आधारमा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिई केही नियामकीय व्यवस्थाहरूमा परिमार्जन गरिएको छ।

## नीतिगत व्यवस्था

३६. ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थाहरू यथावत् कायम गरिएको छ।

३७. कृषि, ऊर्जा र लघु, घरेलु तथा साना उद्यम/व्यवसायमा कर्जा विस्तार प्रोत्साहन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको क्षेत्रगत कर्जा सीमाको दायरामा पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगहरूसमेत समावेश गरिनेछ। साथै, बैंक तथा वित्तीय संस्थाले त्यस्ता प्रत्येक क्षेत्रमा न्यूनतम कर्जा अनुपात कायम गर्नुपर्ने विद्यमान व्यवस्था परिमार्जन गरिनेछ।

३८. चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन परिमार्जन गरी बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषणको आधारमा Permanent Working Capital को अवधि निर्धारण गर्न सक्ने व्यवस्था मिलाइनेछ। साथै, ऋणीले वर्षको कम्तीमा लगातार ७ दिन चालु पुँजी कर्जाको बक्यौता १० प्रतिशतभन्दा कम गर्नुपर्ने विद्यमान व्यवस्था परिमार्जन गरी ३० प्रतिशतभन्दा कम गर्नु पर्ने व्यवस्था मिलाइनेछ।

३९. बैंक तथा वित्तीय संस्थाले महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायहरूमा प्रवाहित कर्जामा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी २०८३ असार मसान्तसम्म पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइनेछ।

४०. बैंक तथा वित्तीय संस्थाले गर्ने नन्डेलिभरेबल फरवार्डमा कायम प्राथमिक पुँजीको २५ प्रतिशतको सीमा वृद्धि गरी ३० प्रतिशत कायम गरिनेछ।

४१. Data Center, Cloud Computing, Robotics Lab र Artificial Intelligence लगायतका पूर्वाधार निर्माणमा हुने विदेशी लगानी सहजीकरण गरिनेछ। साथै, त्यस्ता परियोजनामा बैंक तथा वित्तीय संस्थाबाट हुने सहवित्तीयकरण कर्जा प्रवाहमा प्रोत्साहन गरिनेछ।

४२. विद्युतीय भुक्तानी कारोबारलाई थप प्रोत्साहित गर्न चेकमार्फत हुने कारोबार घटाउँदै लैजाने रणनीति अवलम्बन गरिनेछ।

४३. परिस्थितिजन्य कारणले तत्काल ऋण चुक्ता गर्न नसक्ने ऋणीलाई कालोसूचीमा समावेश नगर्ने र कालोसूचीमा रहेका ऋणीले कर्जा चुक्ता गर्ने उचित कारण पेश गरेमा बैंक तथा वित्तीय संस्थाले ६ महिनासम्म ऋणीलाई कालोसूचीबाट हटाई बक्यौता असुल गर्न पाउने विद्यमान व्यवस्थाको प्रभावकारी कार्यान्वयन गराइनेछ।

४४. नेपाल सरकारबाट हालै स्वीकृत भएको दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-८६/८७) मा उल्लिखित यस बैंकसँग सम्बन्धित कार्यहरू चरणवद्ध रूपमा कार्यान्वयन गरिनेछ।

## अन्त्यमा,

४५. चालु आर्थिक वर्षको मौद्रिक नीति र त्यस पछिको प्रथम तथा अर्धवार्षिक समीक्षामा गरिएका व्यवस्थाहरूबाट मूल्य, बाह्य क्षेत्र र वित्तीय क्षेत्र स्थायित्व कायम हुँदै आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

४६. मौद्रिक नीतिको समीक्षाका क्रममा प्रत्यक्ष/परोक्ष सहयोग पुऱ्याउने सबै सरोकारवालाहरूलाई यस बैंक धन्यवाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।